# बराहदह सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

प.सं. : ०८२।०८३ | मिति : २०८२।१०।२२

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

(नव तिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२।१०।२२)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.ब. ०८२/०८३ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रमा हटाउनु पर्ने रुखहरुको काठ दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ औ दिन कार्यालय समय भित्र बोलपत्र खरीद गरी २२ औ दिन दिउस ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ।

तपसिल

- लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. २०८१ मिति २०८२।१०।०८ गतेको लिलाम सहमति बमोजिम प्रथम पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. १ : आ.व. ०८२।०८३ | आ.व. ०८२।०८३ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रबाट उत्पादन भएका काठ दाउरा | साल | A | २ | २४.८९ | १२५० | ३११११ | २०२५३१ | |
| | | | B | ८ | ६७.६९ | ९०० | ६०९२२ | | |
| | | | C | ८५ | ३६२.५८ | ६०० | २१७५४८ | | |
| | | | D | १७ | ३६.९० | ३०० | ११०७१ | | |
| | | असना | A | ५ | ६५.३४ | ४०० | २६१३४ | | |
| | | | B | ३ | १९.८८ | ३०० | ५९६४ | | |
| | | | C | २३ | ९४.६० | १०० | ९४६० | | |
| | | खोटेसल्ला | A | ३ | ४८.४४ | २५० | १२१०९ | | |
| | | खोटेसल्ला | B | ६३ | ३७४.४५ | १५० | ५३१६७ | | |
| | | साल दाउरा | | | २.५० | १२००० | ३०००० | ७१२०० | |
| | | अन्य दाउरा | | | १.५० | ४००० | ६००० | | |
| जम्मा | | | | | | | ४६६४८७ | २७३७३१ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८२/११/१३ गते कार्यालय समयसम्म।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८२/११/१४ गते दिउसो ३.०० बजेसम्म।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहबाट उक्त लटको रु. १,०००।- (फर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, चन्द्रौटा शाखा, कपिलबस्तुमा रहेको हिसाब नं. ३०५०१०००००३६८१००१ खातामा रकम जम्मा गरेको सक्कलै बैंक भौचर नै पेश गर्न पर्ने छ।

# बराहदह सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।११।१६ गते दिउस १:०० वजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन वमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशतले हुने धरौटी रकमको बैंकमा दाखिला गरेको भौचर समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी वराहदह सा.व.उ.स.को काठ दाउरा लिलाम सम्वन्धि शिलवन्दी बोलपत्र भनी उल्लेख गरेको हुनु पर्ने छ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित निति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. संघीय वन नियमावली, २०७९ को नियम २५ को उपनियम ५ वमोजिम बोलपत्र सदर भएको फर्मले बोलपत्र सदर भएको जानकारी पाएको ४५ (पैतालिस) दिन भित्र रकम दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी बाँकी प्रकृया अगाडी बढाईने छ ।

१६. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०८२ साल माघ महिनाको २२ गते रोज ०५ मा शुभम् ......................।

# काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८२।१०।२२ गते)*

यस सामुदायिक वन उपभोक्ता समूहले स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८२।०८३ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति भएका रुखहरु कटान गरी उत्पादन भएका उपभोक्ता भित्र बिक्री नभई घाटगद्दीमा रहेका विभिन्न जातको गोलिया थान २०९ को १०९४.७६ क्यू.फिट काठ र दाउरा ४ चट्टालाई (कायम गरिएको १ वटा मात्र लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औं दिन दिउसको ३:०० बजे भित्र दाखिला गर्न हुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ।

**बराहदह सामुदायिक वन उपभोक्ता समूह**

शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची